सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

सपहि, धनुषा

## प्रदेश प्रजनन स्वास्थ्य समन्वय समिति (PRHCC)

## कार्य - विवरण (ToR)

### १. परिचय तथा पृष्ठभुमि

नेपालको संविधानले हरेक नागरिकलाई आधारभुत स्वास्थ्य सेवा सम्मको पहुँच जनताको मौलिक हकको रुपमा प्रत्याभुत गरेको सर्वविदितै छ। यसै गरी यौन तथा प्रजनन स्वास्थ्यको सवालमा सो सेवालाई नागरिकको अधिकारको रुपमा पनि स्थापित गरेको छ। यसै क्रममा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ मार्फत सम्पूर्ण नागरीकहरुलाई सुरक्षित, गुणस्तरीय, तथा सर्वसुलभ सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्न सुनिश्चित गरेको छ। साथै प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रममा प्रजनन स्वास्थ्यका विषयलाई उच्च प्राथमिकतमा राखेको छ। हाल संघिय सरकारले पारित गरि व्यवहारमा ल्याएको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, जन स्वास्थ्य सेवा ऐन २०७५ एवं प्रमाणिकरणको क्रममा रहेको प्रादेशिक स्वास्थ्य सेवा ऐनले पनि गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवालाई समतामुलक ढंगले आम नागरिक समक्ष पुर्‍याउने लक्ष्य लिएको छ। यसका साथै मातृत्व सेवालाई पूर्णरुपमा सुरक्षित बनाउने लक्ष्य अनुसार प्रदेश सरकारले आफ्ना नीति तथा कार्यक्रम मार्फत पूर्ण सुरक्षित मातृत्व प्रदेश अभियानलाई कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी आम नागरिक लगायत विशेषत: सिमान्तकृत, तथा निम्न वर्गहरुमा गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने जिम्मेवारी तीन तहकै सरकारमा निहित रहेको छ। यसको साथै प्रदेशमा कार्यरत विभिन्न सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजि संस्थाहरुले सामाजिक विकास मंत्रालय संगको सहमति र साझेदारीमा यौन तथा प्रजनन स्वास्थ्यको अवस्थामा सुधार ल्याउन प्रभावकारी भुमिका निर्वाह गर्दै आएका छन्। प्रदेश स्तरमा स्वास्थ्य निर्देशनालयको संयोजकत्वमा यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरुको बीचमा साझेदारी तथा सहकार्यलाई थप प्रभावकारी बनाउन समन्वयकारी समिति आवश्यकता रहेको छ। यस्तो संयन्त्रले प्रदेशमा कार्यरत सरकारी, गैरसरकारी तथा विकास साझेदार संघ संस्थाहरुसंग समन्वय गरी यौन तथा प्रजनन स्वास्थ्यको कार्यक्रममा दोहोरोपन लाई हटाउन महत्वपूर्ण भूमिका खेल्नेछ। साथै सो समितिले सामाजिक विकास मंत्रालय तथा स्वास्थ्य निर्देशनालय लाई यौन तथा प्रजनन स्वास्थ्य क्षेत्रका प्राथमिकता निर्धारण गर्न एवं साझेदार संस्थाहरु संग उपलब्ध श्रोत र विज्ञता परिचालन गर्न सहजिकरण गर्ने छ। यस समितिवाट निर्णय भएका क्रियाकलापहरु सामाजिक विकास मन्त्रालयको समन्वयमा स्वास्थ्य निर्देशनालयले कार्यान्वयन गर्ने छ।

निर्देशक

## २. प्रदेश प्रजनन् स्वास्थ्य समन्वय समिति (PRHCC) को आवश्यकता

यस समितिले प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा कार्यरत सम्पूर्ण निकायहरु (सरकारी, गैरसरकारी, निजि, शैक्षिक संस्थाहरु तथा विकास साझेदार) बिच समन्वय, सहकार्य र संयुक्त प्रयासको सुदृढिकरण गरि हरेक नागरिकलाई गुणस्तरिय प्रजनन् स्वास्थ्य सेवाहरु सहज तरिकाले उपलब्ध गराउन पहल गर्ने छ। साथै सो क्षेत्रमा सरकारी स्तरबाट गरिएका अन्तराष्ट्रिय प्रतिवद्धताहरु र दिगो विकासका लक्ष्यहरु हासिल गर्न उपलब्ध श्रोत साधनहरुको समुचित परिचालन, कार्यक्रमहरु को सुपरिवेक्षण /अनुगमन तथा नीति निर्माण गर्न प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयलाई प्राविधिक सहयोग उपलब्ध गराउन यस प्रदेश प्रजनन् स्वास्थ्य समन्वय समितिको गठन गरिएको हो ।

## ३. प्रदेश प्रजनन स्वास्थ्य समन्वय समतिको काम कर्तव्यहरु

- यस समितिले प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा संघिय तथा प्रादेशिक सरकारको नीति निर्देशन अन्तर्गत रहि निर्धारित लक्ष्यहरु हाँसिल गर्न आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्ने छ।
- प्रदेशमा कार्यरत सरकारी, गैरसरकारी, नीजि तथा विकास साझेदार संघ संस्थाहरुको अभिलेख राखी यौन तथा प्रजनन स्वास्थ्यको कार्यक्रमहरुमा दोहोरोपना हटाउन महत्वपूर्ण भूमिका खेल्नेछ ।
- प्रदेश स्तरिय यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्न र संचालन गर्न स्वास्थ्य कार्यालय तथा स्थानिय निकायलाई आवश्यक प्राविधिक सहयोग उलपब्ध गराउने छ ।
- यस प्रदेशमा यौन तथा प्रजनन स्वास्थ्यका मुख्य क्रियाकलापहरु सम्पादन गर्न / गराउन उपलब्ध श्रोत साधन तथा संरचनाहरुको उपयोग तथा परिचालनमा समन्वयकारी भुमिका निर्वाह गर्ने छ ।
- यस समितिले सामाजिक विकास मन्त्रालयको स्वास्थ्य महाशाखा र स्वास्थ्य निर्देशनालय लाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी तथ्यमा आधारित योजना तर्जुमा, वजेट विनियोजन तथा कार्यान्वयन गर्न प्राविधिक सहयोग प्रदान गर्ने छ ।
- यस समितिले सामाजिक विकास मन्त्रालयको स्वास्थ्य महाशाखा र स्वास्थ्य निर्देशनालय लाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धान गर्ने कार्यमा समेत समन्वयकारी तथा सहजीकरणको भुमिका निभाउने छ ।
- प्रदेशमा संचालन गरिएका विभिन्न यौन तथा प्रजनन स्वास्थ्यका कार्यक्रमहरुको समिक्षा वैठकहरु संचालन गर्न, मुख्य मुख्य सुचकहरुको अवस्था विश्लेषणको आधारमा समस्याहरु पहिचान गरी सुझाव सहितको प्रतिवेदन तयारी गर्ने कार्यमा सहयोग गर्नेछ ।
- संघीय सरकारले विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय स्तरमा जाहेर गरेका प्रतिबद्धताहरु र दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न प्रदेश तहमा यस समितिले समन्वयकारी भूमिका निर्वाह गर्ने छ ।

निर्देशक

- प्रदेशमा संचालन भएका यौन तथा प्रजनन् स्वास्थ्य संग सम्बन्धित विभिन्न क्रियाकलापहरुको नियमित अनुगमन गरी प्राप्त प्रतिवेदनका आधारमा सामाजिक विकास मन्त्रालय, स्थानिय तह र सरोकारवालाहरु लाई आवश्यक सल्लाह, सुझाव, तथा पृष्ठपोषण दिने छ। अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्थापन गर्न सम्बन्धित सरोकारवलाहरु संग समन्वय गर्ने छ।
- प्रदेशमा संचालन भएका बिभिन्न लक्षित कार्यक्रमहरुको प्रभावकारीता मापन गर्न प्रदेशको आन्तरिक तथा वाह्य श्रोत परिचालन गरि आवश्यक मुल्याङ्कन प्रकृया अपनाई प्राप्त नतिजाको लेखाजोखा गर्न सक्ने छ। कार्यक्रम कार्यान्वयनलाई परिमार्जन गर्न आवश्यक सल्लाह सुझाव दिने छ।
- समुदायको (उपभोक्ता) गुनासो, समस्या र जिज्ञासाहरुका सम्बन्धमा छलफल गरि समुदायप्रति उत्तरदायी भुमिका निर्वाह गर्ने छ।
- प्रदेश र स्थानिय तहमा यौन तथा प्रजनन् स्वास्थ्य सेवामा सर्वव्यापि पहुँच सुनिश्चित गर्न संरचनागत सुदृढिकरण तथा अन्य क्षेत्रसंग समन्वय गर्ने।
- प्रदेश र स्थानिय तहमा सुरक्षित गर्भपतन सेवा प्रदायक स्वास्थ्य संस्थाहरुलाई सुचिकृत गर्न तथा सेवा प्रदायकलाई तालिम र प्रमाणिकरण गर्ने संयन्त्र स्थापना तथा सुदृढिकरण गर्न सहयोग गर्ने।
- सामाजिक व्यवहार परिवर्तन सन्चार रणनीति अनुसार यौन तथा प्रजनन स्वास्थ्य सेवको बमरेमा जानकारी र उपयोग वढाउन निर्माण गरिएका शिक्षा, सुचना तथा संचार सम्बन्धीका बिभिन्न सामाग्रीहरु लक्षित समुह (सिमान्तकृत, गरिव, दुर्गम, किशोर किशोरी आदि) सम्म पुगे नपुगेको सुनिश्चित गर्ने।
- प्रदेशभित्र संचालनमा रहेका निजि स्वास्थ्य संस्थाहरु, प्रतिष्ठान तथा शैक्षिक संस्थाहरुसंग समन्वय तथा सहकार्य गरि गुणस्तरिय यौन तथा प्रजनन स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग गर्ने।
- गुणस्तरिय यौन तथा प्रजनन स्वास्थ्य सेवामा सबैको समतामुलक पहुँचलाई सुनिश्चित गर्न प्रदेश तथा स्थानिय तहका जनप्रतिनिधिहरु संग वकालत तथा पैरवी गर्ने।
- यौन तथा प्रजनन स्वास्थ्य क्षेत्रमा रहेका प्रमुख चुनौतीहरुलाई सम्बोधन गर्न अध्ययन तथा अनुसन्धानका क्षेत्रहरु पहिल्याई प्रदेश सरकारलाई सल्लाह सुझाव दिने।
- मानविय र प्राकृतिक विपद्को समयमा यौन तथा प्रजनन् स्वास्थ्य सेवालाई निरन्तरता दिईराख्न प्रादेशिक स्वास्थ्य आकस्मिक पुर्वतयारी एवम् प्रतिकार्य रणनीति तर्जुमा गर्न तथा कार्यान्वयन गर्न सहयोग गर्ने ।
- प्रदेश भित्र यौन तथा प्रजनन् स्वास्थ्यको क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको पार्श्वचित्र तयार गर्ने र कम्तिमा वर्षको एक पटक अध्यावधिक गर्ने।

निर्देशक

## ४. प्रदेश प्रजनन स्वास्थ्य समन्वय समतिको कार्य संचालन विधि र प्रकृया

- यस समितिको नियमित बैठक प्रत्येक चौमासिकमा वस्ने छ र आवश्यकता अनुसार अतिरिक्त बैठकहरु पनि वस्न सक्ने छ ।
- समान्यतया स्वास्थ्य निर्देशनालयमा यस समितिको बैठक बस्ने छ , यदि बैठकले निर्यण गरेमा अन्य स्थानहरुमा पनि बैठक संचलान गर्न सकिनेछ ।
- बैठककालागि स्वास्थ्य निर्देशनालय प्रमुखले औपचारिक निमन्त्रणा पठाउने छन्, सो निमन्त्रणा बैठक वस्ने मितिको कम्तिमा २ दिन अगाडी पठाउने छन् ।
- बैठककालागि छलफलका विषयवस्तुहरु स्वास्थ्य निर्देशनालय प्रमुखको सल्लाहमा निर्धारण गरिने छ ।
- बैठकका निर्णयहरु प्रत्येक सदस्य संस्थामा पठाउनुपर्ने छ ।
- बैठकमा निर्णय गर्दा सकेसम्म निर्णयको कार्यान्वयनमा भुमिका निर्वाह गर्ने संस्थाको नाम समेत उल्लेख गनुपर्ने छ ।
- बैठकका निर्णयहरु कार्यान्वयन भए नभएको समितिको आगामी बैठकमा छलफल गरिने छ ।
- प्रदेशमा समन्वयात्मक रुपमा सम्पन्न भएका क्रियाकलापहरुको विस्तृत अभिलेख राखिनेछ ।
- आवश्यकता अनुसार बैठकका निर्णयहरु सामाजिक विकास मन्त्रालय, संघिय प्रजनन् स्वास्थ्य समिति तथा परिवार कल्याण महाशाखामा पठाउनुपर्ने छ ।
- समितिको सदस्यमा नरहेका संस्थाहरुलाई पनि आवश्यकता अनुसार बैठकमा आमन्त्रण गर्न सकिने छ ।
- नियमित तथा प्रभावकारी बैठक संचालनको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्थापन सामाजिक विकास मन्त्रालयले गर्ने छ ।

## ५.सहयोगी संस्थाहरुको भुमिका तथा जिम्मेवारी

- बैठक संचालनको लागि प्राविधिक तथा आर्थिक सहयोग गर्ने
  - बैठककालागि छलफलका विषय वस्तु तयार गर्ने तथा सदस्य संस्थाहरुलाई निमन्त्रणा पठाउने काममा सहयोग गर्ने ।
- प्रत्येक बैठकमा नियमित उपस्थित हुने ।
- प्रदेश भित्र यौन तथा प्रजनन स्वास्थ्यको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुको पार्श्वचित्र तयारी तथा अध्यावधिक गर्ने कार्यमा सहयोग गर्ने ।

निर्देशक

- प्रदेश प्रजनन स्वास्थ्य समन्वय समिति संयोजकको नेतृत्वमा बैठक संचालन गर्न सहजकर्ताको भुमिका निर्वाह गर्ने
    - बैठकको निर्णयहरु तयार गर्ने र सरोकारवालाहरुलाई प्रेषण गर्ने कार्यमा सहयोग गर्ने
    - बैठकका निर्णयहरु कार्यान्वयन भए नभएको विषयमा फलोअप गर्ने
- आवश्यकता अनुसार समन्वय समितिको बैठक र यसको कार्य संचालनको लागि प्रदेश प्रजनन स्वास्थ्य समन्वय समिति संयोजक संग सल्लाह गर्ने ।

निर्देशक

## ६.प्रदेश प्रजनन स्वास्थ्य समन्वय समिति (PRHCC) को संगठनात्मक ढाँचा

प्रदेश स्वास्थ्य निर्देशकको संयोजकत्वमा यस समितिको संगठनात्मक ढाँचा देहाय बमोजिका सदस्यहरु रहने गरि हुने छ। आवश्यकता अनुसार सदस्यहरुको संख्या थपघट हुनसक्ने छ।

| सि.नं. | पद | संस्था |
|---|---|---|
| १ | संयोजक | निर्देशक, स्वास्थ्य निर्देशनालय |
| २ | सदस्य | प्रमुख / प्रतिनिधि, स्वास्थ्य महाशाखा, सामाजिक विकास मन्त्रालय |
| ३ | सदस्य | प्रमुख / प्रतिनिधि, प्रदेश स्वास्थ्य आपुर्ती व्यवस्थापन केन्द्र |
| ४ | सदस्य | प्रमुख / प्रतिनिधि प्रदेश स्वास्थ्य तालिम केन्द्र |
| ५ | सदस्य | महाशाखा प्रमुख तथा प्रतिनिधि महिला तथा बालबालिका महाशाखा, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय |
| ६ | सदस्य | तथ्याङ्क अधिकृत, स्वास्थ्य निर्देशनालय |
| ७ | सदस्य | प्रतिनिधि, विश्व स्वास्थ्य संगठन |
| ८ | सदस्य | प्रतिनिधि, युनिसेफ |
| ९ | सदस्य | प्रतिनिधि, युएनएफपिए |
| १० | सदस्य | प्रतिनिधि, सेभ द चिल्ड्रेन |
| ११ | सदस्य | प्रतिनिधि, प्लान ईन्टरनेशनल नेपाल |
| १२ | सदस्य | प्रतिनिधि, पि. एस. आई. नेपाल |
| १३ | सदस्य | प्रतिनिधि, वान हार्ट वर्ल्डवाईड |
| १४ | सदस्य | प्रतिनिधि, नेपाल परिवार नियोजन संघ |
| १५ | सदस्य | प्रतिनिधि, GHSC-PSM/USAID |
| १६ | सदस्य | आमन्त्रीत २ जना, प्रजनन् स्वास्थ्यको क्षेत्रमा उल्लेखनिय कामगर्ने संघसंस्थाहरु |
| १७ | सदस्य | नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम (NHSSP) |
| १८ | सदस्य | सुरक्षित मातृत्व सञ्जाल महासंघ नेपाल |
| १९ | सदस्य | स्वास्थ्य संयोजकहरु -४जना (जनकपुर उपमहानगर पालिका, लक्ष्मनिया गा.पा., क्षिरेश्वरनाथ न.पा. , मिथिला न.पा. |
| २० | सदस्य | निजि सेवा प्रदायक (जानकी मेडिकल कलेज, जनकपुर) |
| २१ | सदस्य सचिव | प्रजनन स्वास्थ्य कार्यक्रम फोकल पर्सन, स्वास्थ्य निर्देशनालय |

निर्देशक

७.प्रदेश प्रजनन स्वास्थ्य समन्वय समिति (PRHCC) को कार्यविवरणको अनुमोदन

स्वास्थ्य निर्देशनालयको सिफारिसमा सामाजिक विकास मन्त्रालय प्रदेश नं. २ जनकपुरधाम धनुषा ले यस समितिको कार्यविवरण (ToR) अनुमोदन गर्ने छ ।

८. प्रदेश प्रजनन् स्वास्थ्य समन्वय समिति (PRHCC) को कार्यविवरण अध्यावधिक गर्ने

संघिय तथा प्रदेश सरकारले लागु गरेका नीति, ऐन तथा नियमहरुसंग मेलहुने गरि संघिय प्रजनन स्वास्थ्य समन्वय समितिको समन्वयमा यस समितिको कार्यविवरण समय सापेक्ष रुपमा अध्यावधिक गरिने छ ।

निर्देशक